२२१८/४१९

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ६६४/०७२/७३
निर्णय नं. ४१९

जिल्ला चितवन, खैरहनी २ निबासी बिकास पौडेल ........................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यकारी अधिकृत, खैरहनी नगरपालिकाको कार्यालय, चितवन ............................ १
सूचना अधिकारी, खैरहनी नगरपालिकाको कार्यालय, चितवन ................................ १ } विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला चितवन, खैरहनी २ निबासी बिकास पौडेलले खैरहनी नगरपालिकाको कार्यालय, चितवन समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।०५ मा पुनरावेदन गरेको । प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट मिति २०७३।०३।१२ मा माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी खैरहनी नगरपालिकाको कार्यालय, चितवनको नाममा आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको लागि च. नं. १५६८ मिति २०७३।०३।१९ को पत्र लेखी गएको । आयोगको मिति २०७३।०३।१२ को आदेश पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी पुनराबेदकले मिति २०७३।०८।१३ मा पुन: उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा खैरहनी नगरपालिका कार्यालयको कार्यालय, चितवनले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगबाट आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रकिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०३।१२ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी खैरहनी नगरपालिकाको कार्यालय, चितवनको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |